व्यावसायिक सलुन का उत्पादनहरुमा रहेका हानीकारक तत्वहरु

- हाम्रो अनुसन्धानमा के पाइएको छ भने अझैपनि लामो समयदेखि व्यवसायिक सलूनका उत्पादनहरुमा रहेका मिश्रणमा तेस्ता तत्वोहरु रहेका छन् जुन दसकौदेखि सलूनका कामदारहरुका लागि खतरापूर्ण रहेकाछन। (तल रहेका मिश्रण सम्बन्धि तत्वोहरुको तालिका हेर्नुहोस )
- दसकौपछी पनि, यस्ता खतरापूर्ण केमीकल रहेका उत्पादनहरु उपलब्ध भईनै रहेका छन्, साथै यस्ता उत्पादनहरुलाई प्रतिस्थापन गर्न सुरक्षीत उत्पादनहरुको विकास भएको छैन, जुन अस्वीकार्य कुरा हो।

हामी किन चिन्तीत छौ

सलूनमा कामगर्ने कामदारहरु विषालु पदार्थहरुको सम्पर्कमा रहने हुनाले जोखिमपूर्ण अवस्थामा रहेका छन। उनीहरु दैनिकरुपमा सलूनका उत्पादन्हरुसंग काम गरिरहेका हुन्छन, जस्लेगर्दा औषतरुपमा कस्मेटिक प्रयोग गर्नेहरु भन्दा बढी मात्रामा यी विषालुपदार्थहरुको सम्पर्कमा रहने गर्दछन। सलूनमा काम गर्नेहरु मुक्खेतया, कम-आम्दानी भएका महिलाहरुको समुह तथा रंग संग सम्बन्धित मानिसहरुको समुह हो - भन्नुको अर्थ, सलूनमा रहने विषालु केमिकल्हरूसंग उनीहरुको सम्पर्कले कामदारहरुका स्वास्थ्यसंग सम्बन्धित अन्य धैरै चुनौतीहरुलाई बढाउने गर्दछ जुन उनीहरुले पहिलेदेखि भोग्दै आएका लैंगिक, जातिय, आर्थिक-अवस्था, गुणस्तरिए स्वास्थ्य उपचारमथिको पहुच र अन्य धैरै कुराहरुसंग सम्बन्धित रहेको छ। परिणामस्वरुप, अध्येनले के देखाएको छ भने अन्य पेशाहरुको तुलनामा सलूनमा काम गर्ने कामदारहरु दम,छालाजन्य रोगहरु, गर्भधारण सम्बन्धि जटिलताहरु तथा केहि प्रकारका क्यान्सर जस्ता रोगहरुबाट बढी मात्रामा पिडित भइरहेका छन्। त्येसैले यस्ता स्वास्थ्यसंग सम्बन्धित परिणामहरुलाई रोकथाम गर्नका लागि तत्कालै कदमहरु चाल्न आवस्येक रहेको छ, जस्मा धैरै जसो खतराहरुलाई रोक्न सकिन्छ - जुन काम व्यवशायिक सलूनका उत्पादनहरुलाई सुरक्षित रहेको तथा ति उत्पादनहरुको प्रयोग कामदारहरुका लागि स्वास्थ्यकर रहेको कुराको सुनिस्चित गर्दै शुरुवात गर्न सकिन्छ।

येदि मैले प्रयोग गरिरहेको उत्पादनहरुमा हानिकारक तत्वहरु भएमा के गर्ने **?**

विशेषगरेर त्यस्ता उत्पादनहरु जस्को बारेमा तपाइलाई लाग्दछ कि त्यसले तपाइको स्वास्थ्यमा असर पुर्याउदछ।

- यदि कुनै उत्पादनको लेबलमा त्यस्मा रहेका मिश्रणका तत्वहरुको सुची दिएको छैन भने खरिद नगर्नुहोस। (तपाइलाई थाहा नहुन सक्छ उत्पादनकर्ताले के लुकाऊन खोजिरहेको छ )
- यदि उक्त उत्पादनमा मिश्रण गरिएका तत्वहरुको सुची दिएको छ भने - एस फ्याक्ट शीटको तालिकामा दिएको हानिकारक केमिकलहरुको सुचिमा रहेका तत्वहरु हेर्नुहोस।

यी निम्न उत्पादनहरुसंग तपाइको सम्पर्क घटाउनुहोस् , जस्कालागी तपाईले निम्न कुराहरु गर्न सक्नुहुन्छ

- आफुले सकेसम्म केहि निस्चित सेवाहरु प्रदान गर्न रोक्नुहोस, अथवा घटाउनुहोस्।
- (पन्जा, N95 मास्क आदि) व्यक्तिगत सुरक्षा उपकरणहरुको प्रयोग गर्नुहोस जस्ले तपाइलाई पाउडरहरुसंग काम गर्दा सास फेर्न सहयोग गर्दछ, साथै छालामा केमिकलको प्रवेश हुनबाट रोक्दछ। (नोट: व्यक्तिगत सुरक्षाका उपकरणहरु सलून मालिकहरुले नै प्रदान गर्नुपर्दछ)
- सलूनमा हावाको प्रवाह बढाउनको लागी सलूनका झ्याल र ढोकाहरु खुला राखुहोस।

यस्ता उत्पादनहरुका निर्यातकर्ता अथवा उत्पादनकर्ताहरुलाई हानिकारक केमिकलहरु नभएका सामाग्रीहरु प्रदान गर्न लगाउनुहोस्।

- यस सूचनालाई सौन्दर्यका सामाग्रीहरु निर्यात गर्ने पसलका मालिकहरु संग आदानप्रदान गर्नुहोस।
- उत्पादनकर्ताहरुलाई यी सामाग्रीहरुका विकल्पहरु प्रदान गर्नका लागि उत्पादनका प्याकेजहरुमा रहेको 1-800 नम्बरमा फोन गर्नुहोस।
- सलूनमा काम गर्ने कामदारहरुको स्वास्थ्य र सुरक्षाको वकालत गर्ने तथा अतिरिक्त जानकारीका लागि ब्ल्याक वोमन फर वेलनेस, क्यालिफोर्निया हेल्दी नङ सलून कोल्याबोरेटिव तथा वोमन भोइसेस फर अर्थ नाम गरेका संगठनहरुसंग जोडिनुहोस।
- तपाइको आवाज नै बजारलाई परिवर्तन गर्ने महत्वपुर्ण साधन हो। ग्राहक सधै सही हुन्छ।

यस उधोगमा सुरक्षित केमिकलहरु रहेका तत्वहरुको अविस्कार धेरै ढिलो भएको छ। व्यवसायिक सलुनका उत्पादनहरुले आगामी दिनमा कामदारहरुको स्वास्थ्यमा हानी नगरोस भन्ने कुरामा हामी सुनिश्चित हुनुपर्दछ। सलुनमा काम गर्ने कामदार तथा ग्राहकहरु संगै मीलेर एकअर्काको फाइदाका लागी सुरक्षित तथा स्वास्थ्यकर उत्पादनहरुको प्रयोग गर्ने बाटोमा संगै अगाडी बढ्नु पर्दछ।

सामान्यतया व्यावसायिक सलुनका उत्पादनहरुका मिश्रणमा पाइने चिन्ता लिनु पर्ने तत्वहरु।

(नोट: यो केमिकलहरुको सुची विस्तृतरुपमा सलुनका सबै उत्पादनहरुको हकमा लागु हुदैन तर वर्तमानमा उपलब्ध धेरै जसो उत्पादनहरु मध्ये हाम्रो समिक्षाबाट छानिएका प्रमुख सलुनका उत्पादनहरुको सुचीबाट लिइएको हो। )

व्यावसायिकरुपमा कपालमा प्रयोग हुने उत्पादनहरु

| हियेर रिल्याक्सरमा प्रयोग हुने चिन्ता लिनुपर्ने केमिकलहरू | स्वास्थ्यमा असर / विषाक्तता |
|---|---|
| अमोनीयम हाइड्रोअक्साइड<br>Ammonium hydroxide | छालामा हानी<br>आँखामा गम्भीर हानी<br>अमोनिया ग्यास छोड्दछ<br>फोक्सोमा जलन |
| क्याल्सिएम हाइड्रोअक्साइड<br>Calcium hydroxide | छालामा हानी<br>आँखामा गम्भीर हानी |
| सोडिएम हाइड्रोअक्साइड<br>Sodium hydroxide (Lye ) | छालामा हानी<br>आँखामा गम्भीर हानी |
| थियोग्लैकोलिक एसीड<br>Thioglycolic Acid | छाला सम्बन्धी संबेदनशिलता<br>प्रजननमा सम्भावित हानी |

| | |
|---|---|
| अमोनीयम थियोग्लैकोलेट<br>Ammonium Thioglycolate | छाला सम्बन्धी संबेदनशिलता<br>प्रजननमा सम्भावित हानी |

| हियेर डाइ गर्ने उत्पादनमा रहेका चिन्ता लिनुपर्ने तत्वहरु | स्वास्थ्यमा  असर / विषाक्तता |
|---|---|
| टोलीन २,५ डाइमाइन<br>Toluene 2,5 diamine | छाला सम्बन्धी चरम संबेदनशिलता<br>जिन /डीएनएमा असर<br>जनावरमा परीक्षण गर्दा क्यान्सर बढेको |
| टोलीन २,५ डाइमाइन सल्फेट<br>Toluene 2,5 diamine sulfate | छाला सम्बन्धी संबेदनशिलता /एलर्जी |
| पी-अमीनोफेनल<br>p-aminophenol | छाला सम्बन्धी संबेदनशिलता /एलर्जी |
| एम-अमीनोफेनल<br>m-aminophenol | छाला सम्बन्धी संबेदनशिलता /एलर्जी |
| पी-फेनिलिनडाइमिन<br>p-phenylenediamene (PPD) | छाला सम्बन्धी चरम संबेदनशिलता<br>छालामा जटिल समस्या, दम, रुघा, ज्वोरो, जिन /डीएनएमा असर |
| पी-फेनिलिनडाइमिन सल्फेट<br>p-phenylenediamene sulfate | छाला सम्बन्धी संबेदनशिलता /एलर्जी |
| रेसोरसिनोल<br>Resorcinol | छाला सम्बन्धी संबेदनशिलता /एलर्जी<br>इण्डोक्राइन ग्रन्थिमा असर |
| ४-अमीनो-२- हाइड्रोअक्सीटोलिन<br>4-amino-2- hydroxytoluene | छाला सम्बन्धी संबेदनशिलता /एलर्जी<br>जिन /डीएनएमा असर |
| इथोअक्सीडिग्लाइकोल<br>Ethoxydiglycol | प्रजननमा असर |

| हियेर ब्लीच गर्ने उत्पादनमा रहेका चिन्ता लिनुपर्ने तत्वहरु | स्वास्थ्यमा  असर / विषाक्तता |
|---|---|
| अमोनियम परसल्फेट<br>Ammonium persulfate | छालामा कडा जलन/ संबेदनशिलता<br>फोक्सोमा कडा जलन<br>स्वास प्रस्वास सम्बन्धि समस्या<br>रासायनिक पोलाई (खोपडीमा) |

| | |
|---|---|
| पोटासियम परसल्फेट<br>Potassium persulfate | छालामा कडा जलन/ संबेदनशिलता<br>फोक्सोमा कडा जलन<br>स्वास प्रस्वास सम्बन्धि समस्या<br>रासायनिक पोलाई (खोपडीमा) |
| सिलिका (नानो)<br>Silica (nano ) | मुटुको रोग निम्त्याउछ |

व्यावसायीक नङ सम्बन्धी उत्पादनहरु

| एक्रिलिक नेल/जेल मा रहेका चिन्ता लिनुपर्ने तत्वहरु | स्वास्थ्यमा असर / विषाक्तता |
|---|---|
| एन,एन-डाईमेथाइल-पी-टोलिडीन<br>N,N-Dimethyl-p-toluidine<br>(Dimethyltolylamine ) | क्यान्सर |
| मेथाएल मेथाएक्रिलेट<br>Methyl methacrylate | छाला सम्बन्धी संबेदनशिलता<br>फोक्सोमा जलन<br>दम |
| पोलिएथाइलमेथाएक्रिलेट<br>Polyethylmethacrylate | छाला सम्बन्धी संबेदनशिलता |
| पोलिमेथाइलमेथाएक्रिलेट<br>Polymethylmethacrylate | छाला सम्बन्धी संबेदनशिलता |
| २- हाइड्रोअक्सीथाइल मेथाएक्रिलेट<br>2- hydroxyethyl methacrylate | छाला सम्बन्धी संबेदनशिलता |
| २- हाइड्रोअक्सीप्रोपाइल मेथाएक्रिलेट<br>2- hydroxypropyl methacrylate | छाला सम्बन्धी संबेदनशिलता |
| मेथाएल एथाएल केटोन<br>Methyl ethyl ketone | प्रजननमा सम्भावित हानी |

| नङ पोलीस थिनरमा रहेका चिन्ताका तत्वहरु | स्वास्थ्यमा असर / विषाक्तता |
|---|---|
| एन,एन-डाईमेथाइल-पी-टोलिडीन<br>N,N-Dimethyl-p-toluidine<br>(Dimethyltolylamine ) | क्यान्सर |

| | |
|---|---|
| मेथाएल एथाएल केटोन<br>Methyl ethyl ketone | प्रजननमा सम्भावित हानी |

| नङ टास्ने/जोड्ने उत्पादनमा रहेका चिन्ताका तत्वहरु | स्वास्थ्यमा असर / विषाक्तता |
|---|---|
| एथाएल साइनोएक्रिलेट<br>ethyl cyanoacrylate | छाला सम्बन्धी संबेदनशिलता |
| मेथाएल एथाएल केटोन<br>Methyl ethyl ketone | प्रजननमा सम्भावित हानी |

सलुनमा प्रयोग हुदै आएका चिन्ता लिनुपर्ने अतिरिक्त उत्पादनहरु

| किटाणुनासकहरुमा रहेका चिन्ताका तत्वहरु | स्वास्थ्यमा असर / विषाक्तता |
|---|---|
| ओ-फ़ेनाएलफेनोल<br>O- Phenylphenol | क्यान्सर |
| न्याफ्था (पेट्रोलियम)<br>Naphtha (Petrolium) | आँखामा जलन<br>छालामा जलन<br>किड्नीमा हानी |
| क्वाटरन्यारी अमोनियम कम्पाउण्ड वा क्वाट्स<br>Quaternary Ammonium Compounds or quats | दम<br>छाला सम्बन्धी संबेदनशिलता<br>प्रजननमा सम्भावित हानी |

निम्न सुझावहरुको आधारमा, तपाइले ग्राहकको तथा आफ्नो (नङ र कपाल उपचार गर्ने)एक व्यवसायीको रुपमा यस प्रकार स्वास्थ्य र सुरक्षामा सहयोग पुर्याउन सक्नुहुन्छ।

ग्राहकहरुले के गर्न सक्दछन:

- आफ्नो स्टाइलिस्ट वा नङ सलुन प्राबिधिकसंग उनीहरुले प्रयोग गर्ने उत्पादनहरु र त्यस उत्पदनहरुमा रहेका तत्वहरुको बारेमा कुरा गर्नुहोस।

- यस प्रतिबेदन तथा यो संग जोडिएको फ्याक्ट सीटलाई तपाइको स्टाइलिस्ट नङ सलुन प्राबिधिकसंग बाढ्नुहोस र यी तत्वहरु प्रतीको सम्पर्कको बारेमा तपाइको चिन्ता सम्बन्धि जानकारी गराउनुहोस।
- स्टाइलिस्टलाइ दोष दिन अथवा यो नै हो भन्ने फैसला गर्न रोक्नुहोस किनभने प्रतिबेदनले के देखाउदछ भने यो सलुनका कामदारको समस्या नभई उत्पादनकर्ता तथा सरकारको नियमनको समस्या हो।
- सलुनका कामदारहरुलाई  सुरक्षा प्रदान गर्ने नीतिहरुलाई सहयोग गर्नुहोस, अप्रयाप्त तत्वहरुको खुलासा सम्बन्धी मुद्दालाई सम्बोधन गर्नुहोस, तथा आगामी दिनमा सुरक्षित विकल्पहरुको अनुसन्धानलाई अगाडी बढाऊन बल गर्नुहोस।
- सुरक्षित उत्पादनहरुको प्रयोग गर्ने सलुनहरुमा जानुहोस।  केहि सलुनहरुमा स्रोतहरुको अप्रयाप्तताले गर्दा परिवर्तन गर्न नसकेका होलान भन्ने कुरा ध्यानमा राख्नुहोस तथा धेरै जसो सलुनमा प्रयोग हुने उत्पादनमा रहेका तत्वहरुको अहिलेनै सुरक्षित विकल्पहरु रहेका छैनन्, त्यसैले ग्रिनवासिंगको बारेमा   सावधान रहनुहोस।
- आफु र आफ्नो स्टाइलिस्टको स्वास्थ्यलाई असर नपुर्याओस भन्नका लागि कम विषाक्तता भएका सलुन सेवाहरु रोज्नुहोस।
- आफ्नो स्टाइलिस्ट वा मेनुक्युरिस्टलाई उदारताकसाथ सके जती टिप् दिनुहोस।